'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : ११२ बुधवार ०३ पुष, २०८१ 18 (Wednesday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

मेडिकल कलेजमा कर्मचारीको तालाबन्दी

५० भन्दा बढी कर्मचारी "हाटा तलबी" रहेको प्रशासनको भनाइ

भीम रावत

कोहलपुर, पुष/०२

NEPALGUNJ MEDICAL COLLEGE
TEACHING HOSPITAL
KOHALPUR
बुद्ध वाटिका

नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुर र नेपालगन्जमा कार्यरत कर्मचारीहरु यति बेला आन्दोलनमा उत्रिएका छन् । मंगलबार उनीहरुले प्रशासन लगायत अन्य कार्याकक्षमा समेत तालाबन्दी गरेका छन् । तलब वृद्धिको माग गर्दै नेपालगन्ज मेडिकल कलेजका कर्मचारीहरुले दोस्रो चरणको आन्दोलन सुरु गरेका छन् । लर्ड बुद्ध एजुकेसनल एकेडेमीद्वारा सञ्चालित नेपालगन्ज मेडिकल कलेजका कर्मचारीहरुले पहिलो चरणको आन्दोलन पूरा गर्दासमेत आफूहरुको मागको सुनुवाई नभएपछि दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरी आन्दोलनमा उत्रिएको केन्द्रीय आन्दोलन परिचालन कमिटीकी संयोजक रत्ना गिरीले बताएकी छन् । आन्दोलनरत कर्मचारी र अस्पताल व्यवस्थापन बिच पटकपटक वार्ता भए पनि निष्कर्ष ननिस्कदा आन्दोलनलाई निरन्तरता दिनुपरेको गिरीको भनाइ छ । करिब ६ महिनाअघि नै आफूहरुले मागहरू अस्पताल व्यवस्थापनलाई बुझाएको र सो सम्बन्धमा पटकपटक अस्पताल व्यवस्थापन समक्ष ताकेता गर्दा पनि बेवास्ता गरिएकोले थप आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य भएको संयोजक गिरीले बताइन । कर्मचारीहरूले गत असार ४ गते कर्मचारीको तलब, सेवा, सुविधा तथा अस्पतालको संस्थागत सुधारका लागि अस्पताल प्रशासन समक्ष विभिन्न सातबुँदे मागपत्र राखेका थिए। तर ती आन्दोलन गर्ने कर्मचारीमध्ये ५० बढी "हाटा तलबी" मा देखिएका छन । कतिपय व्यक्ति जागिर मेडिकल कलेजको खाने आउने "हाजिर गर्ने टाप हान्ने " (हाटा) र विभिन्न दलको कार्यकर्ता भएर दिन विताउने गरेको देखिएको छ । मेडिकल कलेजको तलब लिने तर दलीय राजनीतिमा सक्रिय हुने कर्मचारीका कारण अस्पताल अस्तव्यस्त भैरहेको नेपालगन्ज मेडिकल कलेजको प्रशासन आवद्ध एक कर्मचारी नै बताउँछन्। केही भन्यो आन्दोलन गरेर हैरान गर्छन् । नभन्यो हाटा प्रबृति बढिरहेको छ। अस्पतालका एक अधिकारीका अनुसार यहाँ कार्यरत ५० बढी कर्मचारी हाटा गर्ने र राजनीति गर्न अग्रसर हुँदै आएका छन । उनले थपे 'व्यवस्थापनले यस्ता कर्मचारीका विषयमा तत्काल कठोर निर्णय लिन सक्नुपर्छ । नत्र उनीहरुकै कारणले अस्पताल धरासायी नहोला भन्न सकिदैन। 'मेडिकल कलेजका धेरै कर्मचारी एमाले काङ्ग्रेस, माओवादी, समाजवादी लगायतका दलसँग आबद्ध मात्रै छैनन, जिल्ला देखि प्रदेश हुँदै केन्द्रीय स्तर सम्म रहेर राजनीतिमा सक्रिय भैरहेका छन् । यिनीहरुका बारेमा मेडिकल कलेज सन्चालक, प्रशासन र व्यवस्थापन समेत निरीह बनिरहेको एक कर्मचारी बताउँछन् । यसले पनि मेडिकल कलेजमा नागरिक सेवा भन्दा राजनीति हाबी भैरहेको गुनासो आइरहेको छ । केही समय अघि नयाँ व्यवस्थापनले यसरी राजनीतिमा सक्रिय केही कर्मचारीलाई हटाउन खोज्दा चाकडी, चाप्लुसी र राजनीति पहुँको दबाबमा जागिर थमथमाइएको पनि खुलेको छ । जानकारहरुका अनुसार मेडिकल कलेजमा जागिर खाएर कर्मचारी भएपछि सो अस्पतालबाट नागरिकलाई दिइने स्वास्थ्य सेवा प्रदान गर्ने काम नै कर्मचारीहरुको प्राथमिकताको काम हुनु पर्ने हो । तर यहाँ यसको ठिक विपरीत दिशामा कर्मचारीतन्त्र देखिन थालेको छ।

बाँकी ३ पेजमा...

विवादित हाकिमले गरे ९८ लाख भुक्तानी

नमस्ते समचारदाता

कालीकोट, पुष/०२

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कालीकोटको खाँडाचक्र नगरपालिकाको विवादित कार्यालय प्रमुखले चार दिनमै ९८ लाख भुक्तानी गरेको पाइएको छ। कार्यालय प्रमुखको जिम्मेवारीमा विवाद भएसँगै कामकाजमा अवरोध भए पनि हतारमा भुक्तानी गरेको छ। निमित्त कार्यालय प्रमुखको जिम्मेवारी समाल्नु भएका छैटौं अधिकृत प्रवलजंग शाहीको जिम्मेवारी खोसेर अबिराज शाहीलाई कार्यालय प्रमुख बनाएपछि कार्यालयको दैनिक कामकाज प्रभावित हुँदै आएको हो । गत कात्तिक ३० गते मन्त्रालयले पत्र लेख्दै बढुवा नै नभएका छैटौं तहका अधिकृत अबिराज शाहीलाई आर्थिक अधिकार सहित कार्यालय प्रमुखको जिम्मेवारी दिँदा नगरका सबै कर्मचारीले विरोध गरेका थिए । कर्मचारी र स्थानीय युवाले समेत जुनियरलाई बढुवा गरेको नक्कली निर्णय गरेर कार्यालय प्रमुखको जिम्मेवारी दिएको भन्दै चर्को विरोध गरेपछि अबिराज शाहीको जिम्मेवारी समेत मन्त्रालयले खोसेर अहिले खाँडाचक्र नगरपालिका कार्यालय प्रमुख विहीन भएको छ । नगरप्रमुख कमल बहादुर शाहीको मनोमानीमा अबिराज शाहीलाई कार्यालय प्रमुख मात्र होइन एक तह बढुवा समेत गरिएको थियो । तर सबै रेकर्ड हेर्दा एकल निर्णय भएको र निर्णय पनि स्वयम अबिराज शाहीले लेखेको पुष्टि भएपछि सामान्य प्रशासन मन्त्रालयले शाहीको जिम्मेवारी खोसेको थियो । प्रवलजंग शाहीको जिम्मेवारी नगरप्रमुखले खोस्नु भएको हो भने अबिराज शाहीको जिम्मेवारी मन्त्रालयले खोसेपछि नगरपालिका बन्द जस्तै भएको छ। कार्यालय प्रमुख नहुँदा अन्य शाखाका कर्मचारी पनि कार्यालय आउदैनन । दैनिक कामकाज पुरै ठप्प छ भने कार्यालय दुई चार जना कार्यालय सहयोगीले खोल्ने र बस्ने गरेका छन्। नगर प्रमुखको मनसाय अनुसार काम नगर्दा आफैले तोकेका हाकिमको जिम्मेवारी खोसेको सबैले आरोप लगाएका छन्। एक कर्मचारीका अनुसार नगर प्रमुख र पुराना कार्यालय प्रमुख प्रवलजंग शाही एकै गाउँका नातेदार भए पनि स्वार्थ नमिलेका कारणले नगर प्रमुख शाहीले जिम्मेवारी खोसेको सुनाए। हामीले धेरै भन्नु छैन, नगर प्रमुखको चाहना अनुसार कार्यालय प्रमुखले काम नगरेपछि यस्तो समस्या भएको कर्मचारीको भनाई छ । नगर प्रमुख शाहीकै जोडबलमा निमित्त कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेका अबिराज शाहीले चार दिनमा ९८ लाख भुक्तानी गरेको पाइएको छ । गत कार्तिक ३० गते मन्त्रालयको पत्र अनुसार निमित्त कार्यालय प्रमुखको जिम्मेवारी पाएका शाहीले मंसीर ७ गते मात्र हाजिर भएका थिए । हाजिर भएकै दिन नयाँ खाता खोलेर ११ गते दिउसो सम्म केही उपभोक्ता र केही आफ्नो नाममा चेक मार्फत ९८ लाख खर्च गरेको पाइएको हो ।

बाँकी ३ पेजमा...

नागरिक कुटपीटमा संलग्न प्रहरीमाथि कारवाही माग

नमस्ते समचारदाता

बाँके, पुष/०२

सशस्त्र प्रहरी बल ३० नम्बर मुख्यालय बाँकेका एसपी विमल डाँगीको सरुवा सहित नागरिक माथि ज्यादती गर्ने पुलिसलाई कारवाहीको माग गरिएको छ । एसपी डाँगीको निर्देशनमा पछिल्लो समय नेपालगन्जको जमुनाह सहितका दर्जनबढी विओपीमा सशस्त्र पुलिसको असुली देखि दादागिरी देखिएको छ। सशस्त्रकै मिलेमतोमा तस्करी बढेको नागरिक गुनासो छ। तर, सामान ल्याउँदा रकम नदिएपछि सशस्त्रले नागरिक माथि कुटपिट गर्ने गरेका घटना सार्वजनिक भएका छन। कानूनतः कुनै पनि कसुरमा नागरिकलाई नियन्त्रणमा लिईसकेपछि कुटपिट गर्न वा अमानवीय व्यवहार गर्न पाइदैन । तर, डाँगी नेतृत्वमा रहेको जमुनाह क्षेत्र सुरक्षार्थ खटिएका सशस्त्र पुलिसले भने मागेको रकम नपाउँदा नागरिकलाई कुटपिट गरी घाइते बनाएपछि नागरिकले यतिबेला एसपी डाँगीको सरुवा र नागरिक कुटपिट गर्ने पुलिसलाई कारवाहीको माग गरेका छन् । यतिबेला बाँकेमा सशस्त्र पुलिस बदनामी भैरहेको छ । एसपी डाँगीलाई भने कुनै चासो छैन। उनी हरेक विहान उज्यालो हुने बितिक्कै सिडिओ अफिस धाउने, मलमपट्टी अघि गाडी रोकेर शान दिदै फोकटको समय बिताउने तर सशस्त्र पुलिसका ज्यादती रोकथाममा उदासीन हुने गरेको पाइएको छ। हरेक बिओपीबाट असुलीको लाइन मिलेका कारण उनी सशस्त्रको दादागिरी, असुली धन्दा बदनामीमा समेत चुपचाप देखिएका छन । सुरक्षा चेकजाँचका निहुमा सशस्त्रले नागरिक माथि कुटपिट गर्दै ज्यादती गरेको हो। सशस्त्रको ज्यादती र असुली धन्दाबाट यस क्षेत्रमा नागरिकले सास्ती भोग्दै आएका छन। सशस्त्र प्रहरी बल ३० नम्बर गणबाट खटिएका सशस्त्र प्रहरीले नेपालगन्जको चौलिका चोकमा रूपैडिहाबाट तरकारी किनेर फर्किदै गरेका एक दम्पतिलाई नियन्त्रणमा लिएपछि निर्घात कुटपिट गरे पश्चात उनीहरुलाई अस्पतालमा भर्ना गरेर उपचार गर्नु परेको र सो घटनाको स्थानीय द्धारा विरोध समेत गरिएको थियो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
☎ कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

सम्पादकीय

खाद्यले किसानलाई राहत

किसानहरुले उत्पादक गरेको धान समयमै उपयुक्त मूल्यमा खाद्य संस्थानले नगदमै किनिदिने भए पछि किसानहरुलाई धेरै राहत भएको छ । गाउँमा गल्लावाला ब्यापारीहरुले किसान सँग सस्तो मुल्यमा खरिद गर्न खोज्ने र खरिद गरेको धानको केही मुल्य मात्र दिएर अरु बाँकी राखेर महिनौं झुलाउने गर्दथ्ये । तर खाद्यले धान तौल गरेर लिने वित्तिकै चेक काटेर दिइहाल्ने भएकाले किसान पैसा पाउने कुरामा ढुक्क हुने गरेका छन् । नेपाललाई कृषि प्रधान देश भन्ने तर किसानले आफ्नो खेतबारीमा कसरी के उत्पादन गरिरहेका छन् र ती उत्पादनहरुले बजार पाएको छ कि छैन ? उचित मूल्य पाएको छ कि छैन? समयमै बिक्री भएका छन् कि छैनन् आदि विषयका बारेमा कुनै पनि तहका सरकारले खासै ध्यान नदिइरहेको अवस्थामा खाद्यले किसानको धान समयमै उचित मुल्यमा खरिद गरिदिएकोमा उनीहरु खुसी हुने भएनै। नेपालमा अहिले पनि अधिकांश किसानहरु गुजारामुखी खेतीपाती गर्दछन् । उनीहरुलाई व्यवसायीमुखी बनाउने सरकारको कुनै नीति योजना भएको पाइदैन । तराई अधिकांशले धान र गहुँ खेती बढी गर्दछन्। त्यसमा पनि धान खेती बढी हुने गर्दछ । किसानहरुले उत्पादन गरेको धान आफूले वर्षभरी खाना पुग्ने गरी राखेर बढी भएको बेच्ने र त्यसैको आम्दानीले आफ्नो अन्य आवश्यकता पुरा गर्ने गरेको पाइन्छ । केही किसानहरुले आजभोली व्यवसायी ढंगले तरकारी वा अन्य खेती काम गरेका छन्। तर किसानले उत्पादन गरेको तरकारीको समयमा एक त भारतबाट तरकारी नेपालमा आउँने भएकाले किसानले लागत मुल्य समेत नपाउने अवस्था आउँछ भने अर्को तिर किसानको उत्पादन बजार पठाउन तयार भएको समयमा सरकारका कुनै पनि निकायहरुले त्यस्तो उत्पादनहरुको बजार खोजी गरिदिने अथवा किसानको उत्पादन सरकारले जिम्मा लिइदिने अवस्था गरिदिने हो भने नेपालमा धेरै मानिसहरु उत्पादनसँग जोडिन सक्छन् । त्यसैले यतिबेला खाद्य संस्थानले धान किसानलाई केही राहात दिने जुन काम गरेको छ यो प्रशंसायोग्य नै छ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

यस्तो होस् अबको पर्यटन

गम्भीरबहादुर हाडा

पर्यटन मुख्य रूपमा तीन आधारबाट तयार हुन्छ, यातायात, स्थानविशेष र सर्वसुविधा। स्वदेश वा विदेशमा छोटो अवधिका लागि यात्रा गर्ने उद्देश्यमा कोही घर वा देशबाहिर भ्रमण गर्छ, त्यो पर्यटन हो। उसले कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा अन्य भिन्न परिवेशको अनुभव बटुल्छ। पर्यटन प्राचीनकालदेखि नै मानवको लोकप्रिय विषयको रूपमा छ। मानिस सभ्यताको सुरुआतदेखि नै टाढाटाढासम्म यात्रा गर्दै आइरहेछ। प्राचीनकालमा सबैभन्दा पहिले भ्रमणका लागि निक्लने यात्रीमा फोनेसियनहरू मानिन्छन् । कुकलगायत कयौं यात्रीको प्रयासलाई मध्यनजर राख्दै अठारौं शताब्दीलाई यात्राको सुनौलो युग मानिएको छ । सन् १९६३ देखि सन् १९९३ सम्मको ३० वर्षमा यात्राको क्षेत्रमा भएको प्रगति उल्लेखनीय मानिन्छ। उन्नाइसौं शताब्दीको पहिलो ५० वर्षमा विश्वमा यसले ठूलो वैज्ञानिक र प्राविधिक उन्नति भयो। बीसौं शताब्दीको प्रारम्भसँगै पर्यटनका सम्पूर्ण अवयवमा आमूल परिवर्तन आएको छ । नेपालमा गगनचुम्बी चुचुराहरू, सांस्कृतिक एवं धार्मिक संयोजनका कारण विश्वका विभिन्न मुलुकबाट बढ्दो मात्रामा पर्यटक आकर्षित भइरहेका छन् । विश्वका उच्च हिमशिखरको आरोहण गर्नेदेखि मानसिक शान्ति प्राप्त गर्न, विश्वशान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल हेर्न तथा अन्य विभिन्न उद्देश्यले यहाँ आउने पर्यटकको संख्यामा प्रतिवर्ष वृद्धि भएबाट आर्जित विदेशी मुद्राको परिमाणमा पनि वृद्धि भइरहेको पाइन्छ। नेपालमा पर्यटन उद्योगको विकासका लागि ठूलो सम्भावना छ। देशमा प्राचीन संस्कृति, कलाकौशलका अनुपम नमुना यत्रतत्र छन्। नेपाल प्राकृतिक दृश्यले त झन् सुशोभित र मनोहर छ। तुलनात्मक दृष्टिले हेर्दा नेपाल स्वीटजरल्याण्ड र काश्मीर जस्तै सुन्दरतम देशको दाँजोमा आउँछ । नेपाल एउटा पहाडी मुलुक भएकाले यहाँ अनेकौं प्राकृतिक दृश्य पाइन्छन् । विश्वकै सर्वोच्च शिखर सगरमाथा पनि यही छ । कञ्चनजंघा, माछापुच्छे, अन्नपूर्ण आदि उच्च हिमटाकुरा यही छन्। नेपालको पूर्वदेखि पश्चिमसम्म ५०० माइल फैलिएको हिमालय शृंखलाका साथै आफ्नो किसिमको अनुपात देखिन्छ । शीतल जलवायुले नेपालमा पर्यटक भिन्न ढंगले आकर्षित छन्। देशको भव्य र प्राचीन संस्कृति पनि अर्को महत्वपूर्ण तत्व हो। जसले पर्यटन उद्योगको सम्भावनालाई बढाउन सकेको छ। यहाँका प्रत्येक मठ, मन्दिर, देवल र टुँडालहरूमा हिन्दू र बौद्ध धर्मको सुन्दरतम समन्वय देख्न पाइन्छ। अनगिन्ती तीर्थस्थल, मन्दिर प्राचीन महलहरू, शिलालेख, अभिलेख र धार्मिक कुण्डहरू छन् । यस्तै, विभिन्न किसिमका चाडपर्व छन्, जसले गर्दा पनि पर्यटक आकर्षित हुन्छन्। नेपालमा पर्यटन विकासको थालनी प्रथम पञ्चवर्षीय योजनाको सुरुआत अर्थात् २०१३ सालदेखि भएको पाइन्छ । त्यसपछि दोस्रो त्रिवर्षीय योजना, तेस्रो पञ्चवर्षीय योजना, चौथो, पाँचौं, छैटौं सातौं, आठौं र नवौं पञ्चवर्षीय योजना (२०५४-५९), दसौं योजना, तीन वर्षे अन्तरिम योजना, त्रिवर्षीय योजना, चौधौं योजना (२०७३–७६) मा समेत पर्यटन उद्योगको विकासका लागि विभिन्न उद्देश्य, नीति र कार्यक्रम सरकारले समावेश गरेको छ । समग्रमा पर्यटकलाई दुई भागमा विभाजन गर्न सकिन्छः (क) देशीय, जसले देशको सीमाभित्र भ्रमण गर्छ । जसका लागि स्वदेशको पैसा प्रयोग गर्छ र यसले धर्म, भाषा, संस्कृति एवं अन्य विषयमा प्रायः फरकपनको महसुस गर्दैन । (ख) अन्तर्राष्ट्रिय, जो २४ घण्टाभन्दा बढी विदेशमा बस्छ तर उसले स्थायी बसोवास वा कमाउने उद्देश्य राख्दैन र उसले भ्रमण अघि भ्रमण स्थल, भिसा, विदेशी मुद्रा, भाषा, संस्कृति आदिका बारेमा चासो एवं तयारी गर्नुपर्ने हुन्छ। पर्यटन उद्योगको विकासबाट देशमा नयाँ-नयाँ प्रविधि र सीपको विकास हुन जान्छ। विदेशी प्रविधि, सीप र पुँजीको आयात विदेशी उद्योगपतिहरूको आगमनबाट हुन्छ । यात्रुहरू प्रशस्त मात्रामा आवत-जावत गर्ने भएमा देशको तीर्थस्थल, सांस्कृतिक र ऐतिहासिक स्थल र प्राकृतिक दर्शनीय स्थलहरू र आन्तरिक बजारको विकास हुन्छ । पर्यटकहरूले स्वदेशी वस्तुहरू खपत गर्नुले वाणिज्य र व्यापारको विकासमा धेरै योगदान पुऱ्याउने गर्छ । नेपालमा पर्यटन उद्योगको विकास भएमा दुर्गम क्षेत्रको विकास हुन्छ। दुर्गम क्षेत्रमा भएको पर्यटकीय स्थलहरूको विकास हुन्छ । दुर्गम क्षेत्रमा पनि विभिन्न पर्यटकको भ्रमण भएपछि स्थानीय बजारको विकास हुन्छ, स्थानीयले रोजगारी पाउँछन् र स्थानीय साधनहरूको विकास हुन जान्छ । नेपालमा पर्यटन उद्योगको विकास योजनाबद्ध तरिकाबाट गर्नुपर्ने आवश्यकतामा निकै जोड दिइएको छ। नेपालमा चालु व्यवस्थित उद्योगमध्ये पर्यटन धेरै महत्वपूर्ण सिद्ध भएको छ । पर्यटन उद्योग सञ्चालन भएबाट विभिन्न देशका पर्यटक नेपाल आउँछन् र नेपाललाई चिन्ने मौका पाउँछन् । फलस्वरूप नेपालको नाम विश्वको हरेक कुना-कुनामा फैलिइरहेछ । हरेक देशमा नेपाल पर्यटकीय स्थलहरूको प्रचारप्रसार भइरहेछ । यसले विदेशी पर्यटकहरू नेपाल भ्रमण गर्न रुचाउँछन्। जति विदेशी पर्यटक नेपाल आउँछन्, त्यति नै बढी मात्रामा पर्यटन उद्योग फस्टाउने गर्छ । दुर्गम स्थानमा रहेका मनोरम दृश्यहरूको अवलोकन गर्नका निमित्त पर्यटन व्यवसायको माध्यमबाट यातायातको विकास भएको हुन्छ । पर्यटन उद्योगको विकासबाट यातायात र सञ्चारको विकास गराउनमा मद्दत पुऱ्याउँछ। पर्यटकीय स्थलहरूको विकास गर्न यातायात र सञ्चारको विकास गरिनुपर्ने हुन्छ । यसले विचारहरूको आदान-प्रदान गर्न सहयोग पुऱ्याउँछ । मानिसको चेतनामा समेत वृद्धि हुन्छ । आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०८०/८१ अनुसार पर्यटन विकास कार्यक्रमअन्तर्गत विशिष्ट प्रकृतिका पर्यटकीय गन्तव्य र उपजका कारण नेपाल विश्वकै प्रमुख गन्तव्य मुलुकको रूपमा छ । भूकम्पबाट क्षतिग्रस्त अधिकांश सांस्कृतिक एवं पर्यटकीय सम्पदाको पुनर्निर्माण सम्पन्न हुनुका साथै नयाँ पर्यटकीय गन्तव्यको समेत विकास हुँदै गएको छ। दुई अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई सञ्चालनमा छन् । पर्यटन प्रबर्द्धनका लागि सन् २०२३–२०३२ लाई पर्यटन दशकको रूपमा मनाई प्रतिपर्यटक प्रतिदिन खर्च १२५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य सरकारसँग छ। कोभिड-१९ महामारीबाट शिथिल बनेको पर्यटन क्षेत्र कोभिड पूर्वको अवस्थामा आइपुग्दै छ। पर्यटन क्षेत्रले गति लिदै गएसँगै होटल व्यवसाय चलायमान हुँदै छन् भने पर्यटकबाट प्राप्त हुने आम्दानीसमेत उल्लेख्य रूपमा बढेको छ । पछिल्लो दशकमा विनाशकारी भूकम्प र कोभिड-१९ महामारीको बाबजुद ६६ लाखभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन्। पछिल्लो दशकमा प्रतिवर्ष औसत पर्यटक आगमन ६ लाख ६१ हजार देखिन्छ। २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आवमा पर्यटन प्रबर्द्धनअन्तर्गत आर्थिक वर्ष १६ लाख पर्यटक भित्र्याउने गरी पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ। नयाँ गन्तव्यको पहिचान तथा मौजुदा गन्तव्यको विकास र प्रवर्धनका लागि पर्यटकीय गन्तव्यको प्रोफाइल तयार गरिने कार्यक्रम राखिएको छ। पर्यटकलाई एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने नीति लिइएको छ। पर्वतारोहण अनुमति प्रणालीलाई स्वचालित प्रविधिमा आधारित बनाइने कार्यक्रम राखिएको छ । सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा पर्यटनको विकास कार्यक्रमअन्तर्गत : पर्यटन क्षेत्रबाट मूल्य अभिवृद्धिमा सुधार गर्दै आम्दानी बढाएर कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने, दिगो विकासको मर्मअनुरूप नेपालको पर्यटन उद्योगलाई पर्यापर्यटनसँग जोड्ने, स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी पर्यटकीय पूर्वाधारको विकास एवं विस्तार गर्ने लक्ष्य सरकारको छ। पर्यटन प्रबर्द्धनका लागि क्षेत्रगत रूपमा कृषि पर्यटनको विकास तथा विस्तार गर्ने, स्थानीय स्तरमा उत्पादन भएका पर्यटकीय उपजहरूको व्यावसायीकरण गर्ने, पर्यटनबाट प्राप्त लाभको समन्यायिक वितरणका लागि अग्र र पृष्ठ सम्बन्ध विकासको माध्यमबाट पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउने छ। पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूसँग सहकार्य गरी यस क्षेत्रमा आवद्ध जनशक्तिको सीप र क्षमता विकास गर्ने, रणनीतिक महत्वका मुलुकलाई लक्षित गरी पर्यटन प्रबर्द्धनको कार्यक्रम सञ्चालन गर्ने र स्रोत बजारमा देशका पर्यटकीय गन्तव्य तथा सेवाको प्रवर्द्धन गर्ने र तिनको सुरक्षा सुनिश्चित गर्ने आदि नीति तथा रणनीति छन् । नेपालमा यातायात साधन र सडकहरूको निकै कमी छ । जसले पर्यटकलाई कतिपय मनोरम क्षेत्रमा पुऱ्याउन कठिनाइ परेको छ । पैदल यात्रा गर्ने बाटोहरू पनि बढी जोखिमपूर्ण छन् । विमान व्यवस्थाको कमीले गर्दा पनि पर्यटकलाई बढी संख्यामा भित्र्याउन सकिएन । पर्यटकहरूको बसाईलाई लामो र आकर्षक बनाउन विभिन्न प्रकारका मनोरञ्जनका साधनको व्यवस्था मिलाइनु पर्दछ। नेपालमा यस्ता मनोरञ्जनका लागि आवश्यक क्लब, नाचघर, सिनेमा, पसल, पार्क आदिको अभाव छ। केबुलकार स्किइङ जस्ता साधन त छँदै छैनन् । सांस्कृतिक कार्यक्रमहरूका साथै मनोरञ्जन कार्यक्रमको व्यवस्था गर्न सकेमात्र हालको औसत पर्यटक बसाइँ दिनलाई १३ दिनबाट बढाउन सकिन्छ । पर्यटकहरूको रहन सहनसँग मिल्ने र नभई नहुने वस्तुहरू हामीले पर्याप्त व्यवस्था गर्न सकेका छैनौं । जसले पर्यटकबाट प्राप्त हुने विदेशी मुद्राको ठूलो अंश पुनः आयातमा खर्च गर्नुपरेको छ। हाम्रा पर्यटन स्थलहरू अधिकांश जीर्ण र संरक्षणको अभावमा अस्तव्यस्त छन् । यस्ता स्थलको स्याहार र मर्मत कार्य नहुनाले फोहोर र अनाकर्षक देखिन्छन्। ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्वका मठ, मन्दिर संस्कृति र परम्पराको संरक्षण र संवर्द्धनका माध्यमबाट नेपाललाई सांस्कृतिक, गन्तव्य स्थलका रूपमा विकसित गरी आधिकाधिक मात्रामा पर्यटकलाई आकर्षित गर्नु महत्वपूर्ण आवश्यकता हो। नयाँ खोलिएका पर्यटकीय स्थलहरूको पर्याप्त विकास नहुनु र पर्यटकलाई उपलब्ध गराउने सेवासुविधा ग्रामीण क्षेत्रतर्फ अभिमुख हुन सकेको छैन ।

–अन्नपूर्ण

बहुविवाह गर्ने श्रीमानलाई मुद्दा हाल्न डराउँछन् महिलाहरु

नमस्ते समचारदाता

कैलाली, पुष/०२

मुलुकको कानूनले बहुविवाहलाई दण्डनीय अपराध मानेको धेरै वर्ष भयो । मुलुकी अपराध संहिता २०७४ ले बहुविवाह गर्नेलाई ५ वर्षसम्म कैदको व्यवस्था पनि गरेको छ । तर सुदूरपश्चिममा भने बहुविवाह गरेर आफूमाथि अन्याय गर्ने श्रीमानलाई महिलाले मुद्दै नगरी छोडिदिने गरेका धेरै उदाहरण भेटिन्छन् । तिनैमध्ये एक कैलालीको घोडाघोडी नगरपालिका-१ सुखडकी दुर्गा क्षेत्री पनि हुन । आफू अन्यायमा परेको थाहा हुँदाहुँदै पनि दुर्गाले दोस्रो बिहे गर्ने श्रीमानसँग मुद्दा नगरी सहमतिमा बस्न बाध्य भइन । नौ वर्ष पहिले आठकक्षा पढ्दै गर्दा एउटै विद्यालयमा पढ्ने विवेक क्षेत्रीसँग दुर्गाले प्रेम विवाह गरेकि थिइन । बल्ल २३ वर्ष पुग्दै गरेकी दुर्गाका हाल पाँचवर्षे छोरी र एक वर्षका छोरा छन् । विवेकले भने १२ कक्षा पास गरेपछि नजिकैको पर्यटकीय क्षेत्र घोडाघोडीमा फोटो खिच्ने काम गर्न थालेका थिए । त्यही क्रममा कन्चनपुरकी एक किशोरीसँग विवेक नजिकिएका रहेछन् । २०८१ मंसीर पहिलो साता उनै किशोरीलाई विवेकले कान्छी श्रीमती भन्दै घर भित्र्याएपछि दुर्गा अहिले तनाबमा छन् । आफ्नो 'न दिनमा भोक छ न रातमा निद्रा' दुर्गाले जिन्दगी देखि नै निरास भावले भनिन् । विवेकले ल्याएकी ती किशोरीको विवाह गर्ने उमेर पनि पुगेको छैन । १७ वर्षीया ती किशोरीलाई पनि विवेकले आफ्नी श्रीमती र छोराछोरी छन् भन्ने कुरा ढाँटेका रहेछन् । सुरूमा विवेकका आमा र काकाहरूले भने ती युवतीलाई सम्झाइ बुझाइ गरेर घर पठाइदिएका थिए । एकहप्ता नपुग्दै विवेक गएर लिएर आए । दुर्गा के गर्ने भन्ने कुरा सोच्न पनि नसक्ने स्थितिमा छन अहिले । छोरीको हालत देखेपछि दुर्गाकी आमाले विवेक विरूद्ध प्रहरीमा उजुर गरिन । विवेक र विवेककी कान्छी श्रीमती दीपा दुवै पक्राउ परे । यता दुर्गालाई भने परिवार र माइतीको अलग अलग प्रेसर आउन थाल्यो । परिवारले बहुविवाहको मुद्दा नलगाओस् भन्ने चाहन्थे । माइती भने ती किशोरीलाई विवेकबाट छुटाउन वा बहुविवाहको मुद्दा लगाउनुपर्छ भन्नेमा थिए । विवेकले दोस्री श्रीमती बनाउन भनेर घर ल्याएकी किशोरीकी आमाले आफ्नी छोरी लैजान राजी पनि भएकी थिइन । तर किशोरी भने विवेकलाई छोड्न तयार भइनन् । पक्राउ परेको केही दिनमा प्रहरीले एक-दिनभरि समस्याको निकास लागि छलफल गर्ने समय दियो । विवेकको घर, दुर्गाको माइती र ती किशोरीकी आमा बसेर छलफल गरे । विवेकले बाल र बहुविवाह दुवै गरेकाले उनलाई निकै अप्ठेरो हुन सक्छ भन्ने सबैले बुझिसकेका थिए । विवाह गरेमा किशोरीलाई समेत मुद्दा लाग्थ्यो । त्यस्तो अवस्था आउने भएपछि लिखित जाहेरी र मुद्दामा नजाने सहमतिमा दुर्गाले पनि मन्जुर गरिन । प्रहरीले पनि किशोरीलाई उनकी आमाको जिम्मा लगाइदियो । प्रहरीले जिम्मा लगाइदिए पनि उनी आमासँग जान मानिनन् । त्यसपछि फेरि अर्को लिखित सहमति गरे । 'विवेकको नाममा आउने अचल सम्पत्ति मेरो नाममा गरिदिने, छोराछोरी र श्रीमती दुबैलाई मिलाएर लैजाने लिखित सहमति भएको छ,' दुर्गाले भनिन् । आफूसँग सहमति गर्नुको विकल्प नभएको दुखेसो समेत रहेको छ दुर्गासँग ।

घोडाघोडीका शर्मिलाले (परिवर्तिन नाम) सोही ठेगाना भएका नरेन्द्रसँग १४ वर्षअघि प्रेम विवाह गरेकि थिइन । उनीहरूका १३ वर्षीया छोरी र ७ वर्षका छोरा छन् । चारजनाको सुखी परिवार थियो । श्रीमानले शर्मिलाकी बहिनी नाता पर्नेसँग दोस्रो बिहे गरे । 'मलाई त्यति धेरै माया गर्ने श्रीमानले अर्को केटीतिर नजर लाउँछ भनेर कल्पना पनि गरेकी थिइनँ मैले । हामीकहाँ घरमा पढ्न बसेकी आफ्नै सानीमाकी छोरीसँग लाग्यो,' उनले भनिन्, 'म अहिले उनीहरूलाई अलग्गै बस्न भनेर आफू घरमा बसेकी छु ।' तीनवर्ष आफूसँगै बसेकी बहिनीसँग आफ्ना श्रीमानको सम्बन्ध थाहा पाएपछि शर्मिलाले सँगै बस्न भनेकी थिइन । उनी भन्छिन, 'जति सम्पत्ति छ सबै मेरो मेहनतले कमाएको हो, एकटुक्रा सम्पत्ति पनि दिन्न घरमा पनि बस्न दिन्न भनेँ । अलगै बस्छन् । छोराछोरीले पनि बावुको खासै वास्ता गर्दैनन ।'

दुर्गा र शर्मिला जस्तै बहुविवाहको मारमा परेकी अर्की महिला हुन घोडाघोडीकै रिता (परिवर्तित नाम) । बाँकेकी रिता र घोडाघोडीका रमेशसँग १८ बर्ष पहिले प्रेम विवाह भएको थियो । उनीहरुको पनि १५ वर्षकी छोरी र ९ वर्षको छोरा छन् । रिता भन्छीन, 'उहाँ सरकारी विद्यालयको प्राथमिक तहको राहत शिक्षक हुनुहुन्छ । दुईवर्ष अघिसम्म जीवन ठिकठाक चलेको थियो । आफ्नो श्रीमानको बानी पहिलैदेखि बाहिर धेरै डुल्ने र केटी साथी बनाउने भए पनि घरमै भित्र्याइहाल्लान भन्ने लागेको थिएन ।' तर रमेश एकजना नजिकैको युवतीसँग प्रेममा परे । ती युवती गर्भवती भएपछि मात्र रिताले थाहा पाइछन् । रिताले श्रीमानसँग सम्बन्ध राखेकी ती युवतीलाई समेत अलग हुन सम्झाइन । तर उनी मानिनन् । रिताको केही सिप लागेन । रमेशका परिवारले उल्टै दोस्रो विवाहलाई सहमति दिन आफूलाई दबाब दिएको रिताले दुखेसो गरिन् । नेपालको कानूनले बहुविवाहलाई बन्देज गरेको थाहा हुँदाहुँदै परिवारको दबाबले घर ल्याउने सहमति दिएको बाध्यता सुनाउदै रिताले भनिन्, 'मैले सहमति दिएर घर नल्याउँदासम्म मलाई परिवारबाट निकै दबाब आयो । देउता हेराउनेदेखि ग्रहदशा बिग्रेको सबै ठिक हुन्छ भन्ने पारे । अनि बाध्यताले श्रीमानको दोस्रो विवाहलाई स्विकार्नु पर्‍यो ।' दोस्रो बिहे गरे पनि सुरूमा श्रीमानको व्यवहार त्यति फेरिएको थिएन । बच्चा जन्मेपछि श्रीमानले अहिले आफू र छोराछोरीको वास्ता गर्न छोडेको रिताले दुखेसो गरिन । 'अहिले त मलाई डिभोर्स दिएर गए हुन्थ्यो जस्तो व्यवहार देखाउन थालेका छन् । श्रीमानले मात्र होइन, परिवारका अरू सदस्य र आफन्तले समेत मलाई एक्लो बनाउन थाले । बहुविबाहको मुद्दा दिने कुरा गर्दा उल्टो धम्की दिन्छन्,' निरास हुदै रिताले सुनाइन । आफूमाथि अन्याय भएको थाहा हुँदाहुँदै पनि रिता मुद्दामामिलाको झन्झटमा पर्न चाहिनन । बहुविवाहको मुद्दा लगाएपछि सबैबाट घृणा र अपहेलित हुनुपर्छ भन्ने डर रितामा अहिले पनि छ । 'अर्को विकल्प नै देखिनँ मैले । बहुविवाहको मुद्दा हालेर श्रीमानलाई जेल त पठाउँला तर माइतमा पनि म कति बसौंला, घर परिवारको भनाइ कति सुन्नुपर्ला, छोराछोरी एक्लै कसरी हुर्काउँला,' उनको थप पीडा पनि छ । आफूसँग सम्पत्ति, जागिर र छोराछोरी छँदै छन् भनेर ढुक्क हुने शर्मिलाले पनि श्रीमान विरूद्ध मुद्दा नहाल्नुको कारण जोरीपारीकै डर हो । कानूनको बारेमा जानकार भए पनि श्रीमानलाई बहुविवाहको मुद्दा लगाएर आफू सबैको नजरमा नराम्रो हुन नचाहेको बताउछीन । 'छोराछोरी, सम्पत्ति, जागिर सबै मसँग छन् । उसलाई मुद्दा लगाएर आफन्तको नजरमा नराम्रो हुन चाहिनँ । अहिले उ आफैँ पछुताइरहेको छ । छोराछोरीले समेत उसको वास्ता गर्दैनन्,' शर्मिलाले सुनाइन । मुलुकी अपराध संहिताको दफा १७५ को १ ले विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न हुदैन भनेको छ । त्यसै गरी सोही दफाको उपदफा २ मा कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरूषसँग कुनै महिलाले विवाह गर्नुहुँदैन भन्ने कानुनी व्यस्था छ । उक्त कानून मिचेमा दफा १७५ कै उपदफा ४ अनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपियाँदेखि पचासहजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था छ । यो कानुनलाई कार्यान्वयन गर्न भने यहाँका महिलाहरूले निकै सकस बेहोर्नुपर्छ । त्यसै कारण धेरै महिलाले यो कानुनअनुसार मुद्दा गर्न नसकेको महिलाअधिकारका क्षेत्रमा काम गर्नेहरूले बताउँछन् ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

बाँके राष्ट्रिय निकुञ्जमा बाघ र आहारा प्रजातिको अनुगमन सुरु

नमस्ते समचारदाता

बाँके, पुष/०२

पश्चिम नेपालका दुई प्रमुख निकुञ्जहरु बाँके राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जमा बाघ र बाघको आहारा प्रजातिको अनुगमन कार्य सुरु गरिएको छ । बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मन्दिप पंगेनीले बाँके र बर्दियाका दुवै राष्ट्रिय निकुञ्जमा क्यामेरा ट्र्यापिङ, चिन्ह पहिचान र डिएनए परीक्षण प्रविधिको प्रयोगमार्फत अनुगमन सुरु गरिएको बताए । उनले यो अनुगमन कार्यले दुबै निकुञ्जमा रहेका बाघको संख्या, बसोबास क्षेत्र र आहारा प्रजातिको अवस्थाको विस्तृत जानकारी प्राप्त हुने जनाउँदै त्यसबाट आगामी कार्ययोजना बनाउन सहज हुने बताए । यस प्रविधिको प्रयोगले बाघ र बाघको आहारा प्रजातिको संरक्षण तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको प्रष्ट पार्दै सूचना अधिकारी पंगेनीले बाँके र बर्दियामा शुरु गरिएको यो अनुगमनले बाघ संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए । उनका अनुसार बाँके राष्ट्रिय निकुञ्जलाई चार ब्लकमा विभाजन गरी दुई किलोमिटर क्षेत्रफलको एउटा ग्रिड बनाएर स्वचालित क्यामेरा राखिएको छ क्यामेराको सहयोगले बाघ र आहारा प्रजातिको गतिविधि र दिशा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने छ । यस कार्यमा निकुञ्जका प्राविधिक कर्मचारी र नेपाली सेनालाई आवश्यक तालिम प्रदान गरिएको निकुञ्जले जनाएको छ । निकुञ्जका अनुसार अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउन बाँके निकुञ्जको जंगलमा १२० स्थानमा स्वचालित क्यामेरा राखेर अनुगमन गरिने छ । बाँकेको खडकबारस्थित हात्तीसार क्षेत्रमा वनदेवीको पूजा गरी अनुगमन औपचारिक रुपमा सुरु गरिएको छ । डिआइ परियोजना अन्तर्गत जेडएसएल र एनटीएनसीले बाँके र बर्दिया राष्ट्रिय निकुञ्जसँग सहकार्य गरी अनुगमन कार्यलाई अघि बढाएको जनाइएको छ । अनुगमनका लागि खटिएका २० जना प्राविधिक कर्मचारीहरूले ८० दिनसम्म जंगलमै बसेर काम गर्ने बाँके राष्ट्रिय निकुञ्जले जनाएको छ । पछिल्लो समयमा आएर दुबै निकुञ्जको नजिक रहेका बस्तीहरुमा छिरेर बाघले सर्वसाधारणलाई आक्रमण गर्ने र वन्यजन्तुले घर भत्काउने तथा खाद्यान्न नष्ट गर्ने कार्य बढेको स्थानीयको गुनासो छ । वन्यजन्तु र मानिसविचको द्धन्द बढ्दै गएकोले सो रोक्नका लागि प्रभावकारी योजना शुरु गर्न स्थानीयले पटक पटक सरकारसँग माग गर्दै आएका छन् ।

५०...

यसको नियन्त्रण जरुरी देखिएको छ । सेवाग्राहीले कतिपय कर्मचारी हाजिरी रेकर्डमा देखिए पनि कार्यकक्षमा भेटिन नसकेको गुनासो गर्दै आएका छन् । यस्ता गुनासोलाई सम्बोधन गर्ने कडा अनुगमन गर्नु आवश्यक छ । पहिलो चरणको आन्दोलन अन्तर्गत कर्मचारीले मंसीर २६ देखि २९ गतेसम्म हातमा कालोपट्टी बाँधेर काम गरेका थिए । सोही दिन साँझ नेपालगन्ज, कोहलपुर र चिसापानीमा कर्मचारीले कोणसभा गरेका थिए । ३० गते कालोपट्टीलाई निरन्तरता दिँदै अस्पताल प्रशासन, लेखा र एकेडेमी कार्यालयमा तालाबन्दी गरेका थिए । दोस्रो चरणको कार्यक्रम अन्तर्गत पहिलो चरणका कार्यक्रमलाई निरन्तरता दिँदै सोमवारबाटै प्रशासन, लेखा, नर्सिङ प्रशासन र एकेडेमी प्रशासनलगायतका सम्पूर्ण प्रशासनिक कार्यालयहरूमा तालाबन्दी गरिएको छ । पुस ३ र ४ गते आधा दिन ओपीडी र शैक्षिक कार्यक्रमहरू पनि बन्द गर्ने कार्यक्रम रहेको कर्मचारीहरुले बताएका छन् । त्यस्तै, पुस ५ गतेदेखि इमर्जेन्सी बाहेकका सम्पूर्ण सेवा र शैक्षिक कार्यक्रमहरू पूर्णरूपमा बन्द गर्ने जनाइएको छ । ५ गतेदेखि नै अस्पताल परिसर, कलेज परिसरमा भेला तथा कोणसभा गर्ने कार्यक्रम तय गरिएको छ । वार्ता र सहमतिको ढोकालाई खुला राख्दै कर्मचारीहरूले आन्दोलनका क्रममा कुनै क्षति वा समस्या भए त्यसको जिम्मेवारी अस्पताल व्यवस्थापनले नै लिनुपर्ने जनाएका छन् ।

विवादित...

नगरपालिकाका सूचना अधिकारी महोन महराले ९८ लाख त होइन त्यसको आधा जतिको हुन सक्ने बताए । असोज देखि खर्च केही पनि भएको थिएन । दसै तिहारको बिदाले त्यही भएर पनि खर्च केही भएको हुन सक्ने भन्दै सबै विषय लेखापाल धीर बहादुर शाहीलाई जानकारी हुने उनले सुनाए । लेखापाला शाही भने पटक पटक फोन गर्दा समेत सम्पर्कमा आउन चाहनु भएचाहेनन् । आफूले जिम्मा पाएको चार दिनमा ९८ लाख खर्च गरेको आरोप खेपिरहेका अबिराज शाहीले पनि यस विषयमा बोल्न चाहेका छैनन् । पुन कार्यालय प्रमुखकै लागि नगर प्रमुखसँगै काठमाडौंमा गएका शाहीले फोन रिसिभ समेत गरेका छैनन् । यस अघि पनि अधिकृत अबिराज शाही आफू निमित्त रहेका बेला आफ्नै श्रीमतीलाई सामाजिक परिचालकमा नियुक्ति दिएर आफैले श्रीमतीको हाजिर लगाएर ६ महिना सम्मको तलब भुक्तानी गराएको पाइएको थियो ।



नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबे तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन...
साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

मुर्रा राँगाबाट चार हजार डोज वीर्य उत्पादन

नमस्ते समचारदाता

बाँके, पुष/०२

बाँकेको खजुरा गाउँपालिका -२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयमा रहेका उन्नत जातका भारतीय मुर्रा राँगाबाट चालु आर्थिक वर्षको ५ महिनामा ४ हजार बढी डोज जमेको वीर्य उत्पादन गरिएको छ । गत वर्ष भारत सरकारले नेपाललाई अनुदानमा दिएका १५ वटामध्ये ३ वटा उन्नत जातका मुर्रा राँगा गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयमा ल्याइएका थिए। तीनमध्ये २ वटा राँगाबाट वीर्य सङ्कलन र उत्पादन सुरु गरिएको हो। गत आर्थिक वर्षमा २ वटा भारतीय मुर्रा राँगाबाट २ हजार ६ सय ४३ डोज वीर्य उत्पादन गरिएको कार्यालयका निमित्त प्रमुख पशु विकास अधिकृत डा.खिमानन्द खनालले जानकारी गराए। पशु विकास अधिकृत डा.खनालले भने, 'गत वर्ष भारतबाट ल्याइएका १५ मध्ये ३ वटा उन्नत जातका मुर्रा राँगा यहाँ ल्याइएको थियो। हामीले २ वटा राँगाबाट वीर्य उत्पादन सुरु गरेका छौँ । गत आवमा २ हजार ६ सय ४३ डोज र चालु आवमा ४ हजार ८३ डोज वीर्य उत्पादन गरेका छौँ । यो वर्ष उत्पादन गरेको वीर्य परीक्षणकै क्रममा छ। गत आवमा उत्पादन गरेको २ हजार ६ सय ४३ डोज वीर्य परीक्षणपश्चात् वितरण गरिसकेका छौँ । वितरण गरिएको वीर्यबाट आगामी माघ महिनाबाट पाडा पाडी उत्पादन सुरु हुनेछ।' कार्यालयले राँगा, साँढे र बोकाको वीर्य उत्पादन गर्दै आएको छ। चालु आर्थिक वर्षको साउनदेखि मंसीर महिनासम्म ५ महिनाको अवधिमा २९ हजार ३ सय १८ डोज जमेको वीर्य उत्पादन गरिएको डा. खनालले जानकारी दिए। खनालका अनुसार १० हजार ६२ डोज साँढे र २३ हजार ५ सय ७८ डोज राँगाको गरी चालु आर्थिक वर्षको ५ महिनाको समय अवधिमा २९ हजार ३ सय १८ डोज वीर्य उत्पादन गरिएको हो । जर्सी साँढेबाट ३ हजार २ सय ३१ डोज र होलिष्टेन साँढेबाट ६ हजार ८ सय ३१ डोज गरी १० हजार ६२ डोज साँढको वीर्य उत्पादन गरिएको छ। त्यसै गरी नेपालगन्ज मुर्रा राँगाबाट १९ हजार २ सय ५६ डोज, भारतीय मुर्रा राँगाबाट ४ हजार ८३ डोज र गयी राँगाबाट २ सय ३९ डोज गरी २३ हजार ५ सय ७८ डोज राँगाको वीर्य उत्पादन भएको छ । त्यसै गरी चालु आवमा कार्यालयबाट ३१ हजार ४ सय ७७ डोज वीर्य वितरण गरिएको पशु सेवा प्राविधिक देवनारायण जैसीले जानकारी दिए। जसमध्ये, जर्सी साँढेको ११ हजार ६ सय ६२ डोज, होलष्टेन साँढेको ४ हजार ९ सय २५ डोज, साहीवाल साँढेको १ हजार ३ सय ६८ र गिर साँढेको ४ सय ८७ डोज वीर्य वितरण गरिएको जैसीले बताए। जैसीका अनुसार मुर्रा राँगाको ११ हजार ६ सय ५६ र बोयर बोकाको १ हजार ४ सय १९ डोज वीर्य वितरण गरिएको छ। चालु आवमा गत आर्थिक वर्षको स्टक रहेको र माग पनि बढी नभएका कारण बोयर बोकाबाट वीर्य उत्पादन गरिएको छैन । यस केन्द्रमा रहेका वीर्य अन्य केन्द्रबाट माग भइआएमा पठाइने र यस केन्द्रमा आवश्यक वीर्य अन्य केन्द्रबाट समेत ल्याएर वितरण गरिँदै आइएको उनले बताए। कार्यालयले कृत्रिम गर्भाधानका लागि वीर्य उत्पादन मात्र नगरेर पशुलाई प्राकृतिक गर्भाधानको सेवा पनि प्रदान गर्दै आएको छ। कार्यालयमा प्राकृतिक गर्भाधानका लागि राँगा ३ वटा, बोका ७ वटा र साँढे ४ वटा गरी जम्मा १४ वटा पशु पालिएका छन्। त्यसै गरी कृत्रिम गर्भाधानका लागि वीर्य उत्पादन गर्न राँगा १२ वटा, बोका ८ र साँढे ८ गरी जम्मा २८ वटा पशु छन् । त्यसै गरी ६ वटा बाख्रा समेत गरेर कार्यालयमा हाल ४८ वटा पशु रहेका छन् । कार्यालयबाट यस वर्ष ३८ गाई, १ सय ७१ भैँसी र १ सय ४१ बाख्रा गरी जम्मा ३ सय ५० वटा पशुलाई प्राकृतिक गर्भाधान गराइएको छ। गाईलाई गर्भाधान गराए बापत ७५ रुपियाँ, भैँसीलाई १ सय रुपियाँ र बाख्रालाई २५ रुपियाँका दरले मूल्य निर्धारण गरी राजस्व सङ्कलन हुँदै आएको छ । कार्यालयले यो चालु आवमा एक लाख डोज वीर्य उत्पादन गर्ने लक्ष्य लिएको जनाएको छ।

मुगुमकार्मारोङ अझै जोडिएन सडक सञ्जालमा



नमस्ते समचारदाता

मुगु, पुष/०२

मुगुको उत्तरी भेगमा पर्ने मुगुमकार्मारोङ गाउँपालिका कर्णाली प्रदेशको ४४ वटा स्थानीय तहमध्ये सडक सञ्जालमा नजोडिएको एउटै मात्र स्थानीय तह हो । यहाँ आन्तरिक सडक नभएपछि ढुवानीको विकल्प घोडा तथा खच्चडको प्रयोग बढेको छ । मुगुमकार्मारोङ गाउँपालिका-९ का स्थानीय जङ्गलाल रोकायाका अनुसार जिल्लाका चार वटा गाउँपालिका खत्याड गाउँपालिका, छायानाथ रारा नगरपालिका र सोरु गाउँपालिका सडकले छोएको छ । तर मुगुमकार्मारोङ गाउँपालिकामा अहिलेसम्म सडक सञ्जालमा नजोडिँदा यहाँका सर्वसाधारणले चर्को भाडादर तिरेर सदरमुकाम गमगढीदेखि माथिल्लो मुगुसम्म दैनिक उपभोग्य वस्तुदेखि विकास निर्माणका सामग्री खच्चडबाट ढुवानी गर्नुपर्ने बाध्यता रहेको छ । मुगुमकार्मारोङ गाउँपालिकाको छाइलबाट करानभेग र माथिल्लो मुगुसम्म ढुवानी गर्न दैनिक दुई सयभन्दा बढी खच्चडले खाद्यान्न, दैनिक उपभोग्य वस्तु र निर्माण सामग्री ओसार्ने गरेको खच्चड व्यवसायी धनबहादुर बुढाले बताए । चामल, चिनी, तेल, नुन, ग्यास, दाल लगायत खाद्यान्न तथा पुस्तक र सिमेन्ट, छड आदि विकास निर्माणका सामग्री घोडा-खच्चडबाटै ढुवानी गर्ने गरिएको छ। खच्चड व्यवसायीले यहाँका स्थानीय युवालाई रोजगार दिएका छन्, बाटो निकै कठिनाइ र डरलाग्दो भएकाले यहाँ बाटोमा खच्चडबाट ढुवानी गर्न भगवानको नाम जपेर सामान ढुवानी गर्नुपर्ने बाध्यता रहेको बुढाले बताए । छाइलबाट पुलसम्म खच्चडबाट प्रतिकेजी १८ रुपियाँ तिरेर ढुवानी गर्दा दैनिकी उपभोग्य वस्तु र विकास निर्माणका सामग्री गाउँबस्तीसम्म पुग्दा निकै महँगो पर्ने गरेको मुगुमकार्मारोङ गाउँपालिका-४ का स्थानीय पेमा क्षेङदल लामाले बताए । लामाले भने, 'सडक नहुँदा बिरामीलाई सदरमुकाम गमगढी सम्म बोकेर लैजान निकै गाह्रो पर्छ ।' यता खच्चड र भरियाका भरमा पुगेका खाद्यान्नबाट गुजारा गरेका बस्तीमा हिमपात र वर्षाले गोरेटो नबिगारोस् भन्ने कामना गर्ने गरेको स्थानीय व्यापारी लक्ष्मी रोकायाले बताए। सर्वसाधारणको दैनिकी चल्न मुस्किल हुने गरेको भन्दै उनले भने, 'त्यसैले हिउँद र वर्षा दुवै सिजनका लागि सामान स्टक राख्छु। नत्र त मेरो व्यापार डुब्छ । गाउँलेलाई पनि समस्या पर्छ ।' मुगुमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाका अनुसार गाउँपालिका विकट भएर होला सङ्घीय सरकार र प्रदेश सरकारको नजर अझै पर्न सकेको छैन । माथिल्लो मुगुको भूमि राज्यविहीनताको अवस्थामा रहेको उनले बताए । २०६४ सालमा माथिल्लो मुगुलाई सदरमुकाम गमगढीमा जोड्ने र उत्तरी चीनसँग जोडिएको नाका नाकच्यालाग्नासँग जोड्ने उद्देश्यले सडकको निर्माण गर्ने काम थालनी गरिएको थियो । तर सरकारको कनिका छर्ने लगानीले कछुवाको गतिमा अहिलेसम्म २० किलोमिटर मात्र सडकको काम विस्तार भएको छ। सडक सञ्जालबिना विकास निर्माणका काममा असम्भव हुने हुँदा छिटो छरितो निर्माणका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग पहल गरिएको जनाइएको छ।

टिमुरका बिरुवा बिक्री गरेर वार्षिक दुई लाख आम्दानी

नमस्ते समचारदाता

दाङ, पुष/०२

बङ्गलाचुली गाउँपालिका-४ स्थित जुम्लेपानी गढी सामुदायिक वन उपभोक्ता समूहले टिमुरका बिरुवा बिक्री गरेर वार्षिक रु २ लाख बढी आम्दानी गरेको छ। टिमुरका बिरुवा उत्पादन गरेर जिल्लाका साथै प्यूठान, रोल्पा, सल्यान, रुकुम लगायत जिल्लामा बिक्री गरेर आम्दानी गर्ने गरेको वन समूहका अध्यक्ष इन्द्रबहादुर बुढाले बताए। परम्परागत रूपमा जङ्गलमा पाइने टिमुरलाई आम्दानी बनाउँदै किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले ५ वर्ष अघिदेखि नर्सरीका रूपमा विकास गरिएको उनले बताए। यसका लागि रु ७ लाख लगातमा जिआइजेडले 'ग्रीन हाउस' र लुम्बिनी प्रदेश वन डिभिजन कार्यालयसँगको साझेदारीमा वन समूहले तीनवटा टनेल निर्माण गरेको थियो । वन समूहले सुरुका वर्षहरूमा साविकको राप्तीसँगै बाँके, सुर्खेत, गुल्मीलगायत ठाउँमा बिरुवा बिक्री गरेर वार्षिक रु १० लाखसम्म आम्दानी गरेको भए पनि पछिल्लो समय अन्य जिल्लामा बिरुवा उत्पादन हुन थालेपछि आम्दानी घटेको वन समूहका अध्यक्ष बुढाले बताए । वन समूहले बिरुवा उत्पादन गरेर बिक्रीसँगै टिमुरबाट आम्दानी लिन वन समूहको १९८ दशमलव ३६ हेक्टरमा एक हजार टिमुरका बिरुवा रोपीको अध्यक्ष बुढाले बताए। रोपिएका बिरुवा हुर्किएमा वन समूहले बिरुवा बिक्रीसँगै फलबाट पनि आम्दानी लिन सकिने भन्दै अध्यक्ष बुढाले भने, 'वन समूहको विभिन्न क्षेत्रमा एक हजार बढी बिरुवा रोपेका छौँ । ती बिरुवा हुर्किएपछि उत्पादनसँगै फलबाट समेत वन समूहले आम्दानी लिने छ ।' उत्पादन गरेको रकम वन समूहको खातामा राख्ने र बिरुवा उत्पादनलगायत विभिन्न कार्यमा परिचालन गर्ने गरिएको छ । वन समूहले वार्षिक २५ हजार बिरुवा उत्पादन गरेर बिक्री गर्दै आएको अध्यक्ष बुढाले बताए। वनलाई उत्पादनसँग जोड्ने र आम्दानीमा वृद्धि गर्ने उद्देश्यले प्रत्येक विरुवा उत्पादन गर्ने र बिक्री गर्दै आएका छौँ । उनका अनुसार लक्ष्यअनुसार बिरुवा उत्पादन गर्न नसक्दा गत वर्ष १० हजार बिरुवा मात्र बिक्री गरिएको बताए। नर्सरीका रूपमा विकास भएपछि बङ्गलाचुलीसँगै जिल्लाका विभिन्न सामुदायिक वन समूहसँगै जिल्ला बाहिरका वन समूह तथा व्यक्तिलाई बिरुवा बिक्री गर्दै आम्दानी लिने गरेको उनले बताए। उनका अनुसार वन समूहका सदस्यलाई बिरुवा उत्पादनका लागि तालिमसँगै व्यावसायिक रूपमा बिरुवा उत्पादनका लागि ग्रीन हाउस र टनेल निर्माण गरिएपछि वन समूहले व्यावसायिक रूपमा टिमुर उत्पादन थालेको हो।

सुवर्ण अवसर !
सुवर्ण अवसर !!
सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७००८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com